बैठक संख्याः ०४
समयः दिउँसो ११:०० बजे
मितिः २०८१/०७/३० गते
ने सः ११४५ कछलाथ्व चतुर्दशी शुक्रवार
आ.व.२०८१/०८२

आज मिति २०८१ साल कार्तिक महिनाको ३० गते शुक्रवारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष **श्री भिम बहादुर भण्डारीज्यूको** अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थितिः</u>

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिंजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका वि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | **सहयोगी कर्मचारीहरु** | | |
| १ | भुपेन्द्र भण्डारी | लेखा अधिकृत | |
| २ | गोविन्द सिजापति | सूचना प्रविधि अधिकृत | |
| ३ | तुल बहादुर भण्डारी | कार्यालय सहयोगी | |

४) राजमान बुढा प्रशासकीय अधिकृत

प्रस्ताव नं १: पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं २: नियुक्ति समर्थन सम्बन्धमा ।
प्रस्ताव नं ३: योजना शिविर सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं ४: विभिन्न कार्यविधि उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं ५: कर्मचारीको पदस्थापन सहमती सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको आ व २०८१/०८२ को पुर्ववत कार्यपालिकाका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यालयबाट हालसम्म भएका कार्यहरुको समिक्षा गरियो र सेवा प्रवाहमा बराहताल गाउँपालिका र मातहतका कार्यालयहरु ले नागरिकलाई छिटो सहज र सरल माध्यमबाट सेवा प्रवाह गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा कर्णाली प्रदेश लोकसेवा आयोगबाट यस कार्यालयमा रिक्त रहेको कृषि सेवा अन्तरगत कृषि अधिकृत सातौं मा सिफारिस भै आउनु भएका कृषि अधिकृत श्री अनिल कुमार सिंहलाई यस कार्यालयको रिक्त पदमा कार्यपालिकाको कार्यालयले मिति २०८१/०७/२५ गते गरेको नियुक्ति स्थानिय सेवा गठन तथा संञ्चालन ऐन २०८१ को दफा १५(१) बमोजिम २०८१/०७/२५ गते देखि नै लागु हुनेगरी समर्थन गर्ने र सो को सूचना स्थानिय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गाउँपालिकाका विभिन्न वडाहरुवाट आ व २०८१/०८२ मा संञ्चालन हुने योजनाहरुको सम्झौता वडा स्तरवाटै संञ्चालन गर्न तपशिल बमोजिम निर्देशन गर्ने निर्णय गरियो ।

क) जनप्रतिनिधि/ वडा समितिको जिम्मेवारी- उपभोक्ता समितिको गठन गर्ने अथवा अन्य व्यवस्थापन गर्ने
ख) प्राविधिक कर्मचारीको जम्मेवारी- लागत स्टमेट यथाशिघ्र तयार गर्ने ।
ग) वडा सचिव-फाईल तयार गर्ने र योजना इन्ट्रि गर्ने ।
घ) गा पा- वडामै योजना सम्झौता गर्ने र उपभोक्ता समितिका पधादिकारीलाई प्रशिक्षण गर्ने ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा यस बराहताल गाउपालिका गाउँकार्यपालिले पेश गरेका विभिन्न कार्यविधि आगामी कार्यपालिका मा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा

क) लोक सेवा आयोगको सिफारिसमा विभिन्न स्थानीय तहमा स्थायी नियुक्ति भई स्थानीय तहको दोहोरो सहमति अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौंले तपसिल बमोजिमका कर्मचारीहरुलाई विभिन्न मितिमा कर्णाली प्रदेश र अन्य प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुबाट यस बराहताल गाउँपालिका सुर्खेतमा कामकाज गर्न खटाएकोमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ (२) बमोजिम हाल कार्यरत (कामकाज गरिरहेको) स्थानीय तहमा नै पदस्थापनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | कर्मचारीको नाम, थर | संकेत नं. | पद/तह | सेवा/समुह | रमना मिति | स्थायी नियुक्ति लिएको स्थानीय तह |
|---|---|---|---|---|---|---|
| १ | विष्णु बहादुर रोकाया | २३७५९८ | ईन्जिनियर, छैठौं | ईन्जिनियरिङ्ग / सिभिल | २०७९/०६/०४ | नलगाड नगरपालिका जाजरकोट |
| २ | भुपेन्द्र भण्डारी | २०३३०६ | लेखा अधिकृत छैठौं | नेपाल प्रशासन / लेखा समुह | २०७८/१०/०५ | सिम्ता गाउँपालिका सुर्खेत |
| ३ | भिमराज गौतम | २३९८५१ | कम्प्युटर अपरेटर | विविध | २०७७/१२/०१ २०७९/०५/३१ | ऐसेलुखर्क गाउँपालिका खोटाङ |
| ४ | पार्वती के.सी. | २४२१७२ | अ.स.ई सहायक चौथो | ईन्जिनियरिङ्ग सिभिल | २०७९/०५/३१ | राप्ति गाउँपालिका दाङ |
| ५ | तिलक प्रसाद उपाध्याय | २३९७०२ | अ.स.ई. | ईन्जिनियरिङ्ग सिभिल | २०७८/०९/०१ | डुडुवा गाउंपालिका बाँके |
| ६ | गोविन्द बुढा मगर | २३८५०१ | सहायक स्तर चौथो | प्रशासन / सामान्य प्रशासन | २०७९/०५/२८ | ढकारी गाउंपालिका अछाम |
| ७ | पवित्रा उपाध्याय | २३७१७७ | सहायक स्तर पाँचौ | प्रशासन / सामान्य प्रशासन | २०७८/०९/२५ | नलगाड नगरपालिका जाजरकोट |
| ८ | इन्द्र बहादुर थापा | २३७४२० | सहायक स्तर पाँचौ | प्रशासन / सामान्य प्रशासन | २०७८/०९/१६ | खाँडाचक्र नगरपालिका कालिकोट |

ख) लोक सेवा आयोगको सिफारिसमा यस बराहताल गाउँपालिकामा स्थायी नियुक्ति भई स्थानीय तहको दोहोरो सहमति अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौंले तपसिल बमोजिमका कर्मचारीहरुलाई विभिन्न मितिमा कर्णाली प्रदेश र अन्य प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुमा कामकाज गर्न खटाएकोमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६ (२) बमोजिम हाल कार्यरत (कामकाज गरिरहेको) स्थानीय तहमा नै पदस्थापनका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | कर्मचारीको नाम, थर | संकेत नं. | पद/तह | सेवा/समुह | रमना मिति | हाल कार्यरत (कामकाज गरिरहेको) स्थानीय तह |
|---|---|---|---|---|---|---|
| १ | नीलम बुढा | २३८९७२ | सब-ईन्जिनियर, सहायकस्तर पाँचौ | ईन्जिनियरिङ्ग / सिभिल | २०७८/०८/२६ | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| २ | कृष्ण प्रसाद शर्मा | २३५००३ | अधिकृत छैटौं | नेपाल प्रशासन सामान्य प्रशासन | २०७९/०६/०९ | भेरीगंगा नगरपालिका, सुर्खेत |



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | भरत बाबु बुढा | २४२४४६ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग / सिभिल | २०७८/०९/०९ | तातोपानी गाउँपालिका, जुम्ला |
| ४ | ललि बहादुर जि.सी. | २४२९०७ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग / सिभिल | | तातोपानी गाउँपालिका जुम्ला |

बराहताल गाउँकार्यपालिकाको मिति २०८१/८/१० मा बसेको ८ औं बैठकको निर्णय प्रमाणित

बराहताल गाउँकार्यपालिकाको मिति २०८१/८/१० मा बसेको ८ औं बैठकको निर्णय प्रमाणित

बराहताल गाउँपालिका, सुर्खेत